# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

## सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको लागि दरखास्त आह्वान

(प्रथम पटक प्रकाशित मिति २०८३/०१/१८ गते)

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (ब.का.सि., सुचिकार, सफाईकर्मी, चर्मकर्मी, लोहकार, केशकर्तक, सिकर्मी, सयस र नालबन्दी) पद खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि दरखास्त आह्वान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिक स्वयम् तोकिएका भर्ना छनौट केन्द्रमा उपस्थित भई दरखास्त फाराम भरी पेस गर्न वा नेपाली सेना भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल https://vacancy.nepalarmy.mil.np बाट विद्युतीय (अनलाईन) माध्यमबाट फाराम भरी सोको प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना छनौट केन्द्रमा दरखास्त पेस गर्न आह्वान गरिन्छ।

२. **आवश्यक पद संख्या र भर्ना छनौट केन्द्रहरु**

(क) **सैन्य पद**. विज्ञापन नं.०८२/८३/१००

| सि.नं. | भर्ना छनौट केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/ जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| १. | नारायणहिटी, काठमाडौं (श्री उपत्यका पृतना हे.क्वा.) (०१-५९७९३७६, ०१-५९७९३७७ ९८६०११३६२२) | १५ | १५७ | २६ | ४१ | ३५ | २० | ६ | ३०० |
| २. | लगनखेल, ललितपुर (श्री राजदल गण) (०१-५४२१४४१, ९८६३०२९०६०) | ६ | ६५ | ११ | १७ | १५ | ८ | ३ | १२५ |
| ३. | धुलिखेल, काभ्रेपलाञ्चोक (श्री श्रीमेहर गण) (०११-४९०६०७, ९८४६२४७२६२) | ५ | ५३ | ८ | १४ | १२ | ६ | २ | १०० |
| ४. | ईटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.) (०२५-५८४९३३, ९८६३०२९०७७/९८५२०८१७०४) | १४ | १३१ | २१ | ३३ | २९ | १६ | ६ | २५० |
| ५. | हिले, धनकुटा (श्री नं. २ वाहिनी अड्डा) (०२६-५४०३९२, ०२६-५४०३७९, ९८६३०२९०८३) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |

| सि.नं. | भर्ना छनौट केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/ जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| ६. | भुल्के, उदयपुर (श्री नं. १८ वाहिनी अड्डा) (०३५-४२२५६५, ०३५-४२२५६६, ९८६२९९०१८६) | ५ | ५३ | ८ | १४ | १२ | ६ | २ | १०० |
| ७. | तोपगाछी, झापा (श्री नं. २१ वाहिनी अड्डा) (०२३-४७५२१७, ०२३-४७५२१८, ९८६३७८००५४) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| ८. | ओखलढुङ्गा (श्री दुर्गाबक्स गण) (०३७-५२०५७६, ९८४७३४९७६०) | ३ | ३९ | ७ | १० | ९ | ५ | २ | ७५ |
| ९. | ओदिन, पाँचथर (श्री वीरदल गण) (०२४-५२२१२३, ९८५११५९१८८) | ४ | २६ | ३ | ७ | ६ | ३ | १ | ५० |
| १०. | बर्दिवास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.) (०४४-५९००७८,०४४-५९००८७, ९८५४०२०७७२) | ८ | ७८ | १३ | २० | १८ | १० | ३ | १५० |
| ११. | चरिकोट, दोलखा (श्री गरुडदल गण) (०४९-४२१४९०,९८६५३६३८०१,९८०१३८०७३५) | ३ | ३९ | ७ | १० | ९ | ५ | २ | ७५ |
| १२. | वीरगंज, पर्सा (श्री श्रीजंग गण) (०५१-५२८०३४, ०५१-५३३४१७, ९८६३०२९११३) | ६ | ६५ | ११ | १७ | १५ | ८ | ३ | १२५ |
| १३. | राजविराज, सप्तरी (श्री बरख गण) (०३१-५३००३१, ०३१-५३०७३१, ९७४४३६९१२५) | ३ | ३९ | ७ | १० | ९ | ५ | २ | ७५ |
| १४. | हेटौंडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.) (०५७-४१९०००,०५७-४१९०१५, ९८६३०२८८८४) | ८ | ७८ | १३ | २० | १८ | ९ | ४ | १५० |
| १५. | बैरेनी, धादिङ्ग (श्री नं. ६ वाहिनी अड्डा) (०१०-४०३०४०, ०१०-४०३०५२, ९८६३०२९१२५) | ३ | ४० | ७ | ११ | ९ | ४ | १ | ७५ |
| १६. | भरतपुर, चितवन (श्री नयाँ सबुज गण) (०५६-४९३६७७, ९८६३०२९१८५) | ६ | ६५ | ११ | १८ | १५ | ८ | २ | १२५ |

| सि.नं. | भर्ना छनौट केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/ जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| १७. | विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.) (०६१-४११६७५, ९८५६०११४३९, ९८४६७६७२२५) | ११ | ११८ | १९ | ३१ | २७ | १४ | ५ | २२५ |
| १८. | शेराडिल, बाग्लुङ (श्री नं. २३ वाहिनी अड्डा) (०६८-५२११०५, ०६८-५२११९४, ९८६३०२९१७१) | ३ | ३९ | ७ | १० | ९ | ५ | २ | ७५ |
| १९. | श्रीश्वाँरा, लमजुङ (श्री चण्डी प्रसाद गण) (०६६-५९०००९, ०६६-५९००६१, ९८६३०२९१६७) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |
| २०. | योगीकुटी बुटवल, रुपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.) (०७१-४१९२०९, ०७१-४१९२१०, ९८६३०२९१३७) | १६ | १७० | २८ | ४५ | ३८ | २१ | ७ | ३२५ |
| २१. | गोरुसिंङ्गे, कपिलवस्तु (श्री शम्शेर दल गण) (०७६-५४५०५१,०७६-५४५०६२, ९७४८८४३९४८) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |
| २२. | भरतपुर, दाङ्ग (श्री ज्वालादल गण) (०८२-५६१०६३, ०८२-५६११००, ९८६३०२९१८४) | ७ | ७९ | १३ | २१ | १८ | ९ | ३ | १५० |
| २३. | धागिथुम, गुल्मी (श्री रामबाण गुल्म) (०७९-५२०७००) | ३ | ३९ | ७ | १० | ९ | ५ | २ | ७५ |
| २४. | निमारे, सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.) (०८३-४१४०४५, ९८५८०८७७४८) | २० | २०९ | ३४ | ५५ | ४७ | २६ | ९ | ४०० |
| २५. | नेपालगञ्ज, बांके (श्री नं. ४ वाहिनी अड्डा) (०८१-५६५२९७, ९८५८०८३२२१) | १४ | १४४ | २३ | ३७ | ३३ | १८ | ६ | २७५ |
| २६. | परीमलाचौर, जुम्ला (श्री देवीदत्त गण) (०८७-५२०१९९, ९८८७५२०५३२) | ५ | ५२ | ९ | १३ | १२ | ७ | २ | १०० |
| २७. | हुट्टु, मुगु (श्री हनुमानध्वज गुल्म) (९७६५३६६७४५) | २ | २६ | ५ | ७ | ६ | ३ | १ | ५० |
| २८. | तेघरी, कैलाली (श्री सुदूर पश्चिम पृतना हे.क्वा.) | १७ | १८४ | ३० | ४७ | ४१ | २३ | ८ | ३५० |

| सि.नं. | भर्ना छनौट केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| | (०९१-५५०७४२, ९७६२३०६५६१) | | | | | | | | |
| २९. | भगतपुर, कञ्चनपुर (श्री नं. २५ वाहिनी अड्डा) (०९९-५२४७०२, ०९९-५२५४४४, ९७६४२३९३६१) | १० | १०५ | १६ | २८ | २४ | १३ | ४ | २०० |
| ३०. | दिपायल, डोटी (श्री नं. ५ वाहिनी अड्डा) (०९४-४४०४२४, ०९४-४४०४३०, ९८६३०२९२००) | ६ | ६५ | ११ | १७ | १५ | ८ | ३ | १२५ |
| ३१. | खलङ्गा, दार्चुला (श्री श्रीदल गुल्म) (०९३-४२०२००) | ३ | ३९ | ७ | १० | ९ | ५ | २ | ७५ |

(ख) **विभिन्न ट्रेडका फलोअर्स पदः** विज्ञापन नं. (ब.का.सि.-०८२/८३/१०१, सुचिकार-०८२/८३/१०२, सफाईकर्मी-०८२/८३/१०३, चर्मकर्मी-०८२/८३/१०४, लोहकार-०८२/८३/१०५, केशकर्तक-०८२/८३/१०६, सिकर्मी-०८२/८३/१०७, सयस-०८२/८३/१०८ र नालबन्दी ०८२/८३/१०९)

| सि.नं. | भर्ना छनौट केन्द्र | पद | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| १. | नारायणहिटी, काठमाडौं (श्री उपत्यका पृतना हे.क्वा.) (०१-५९७९३७६, ०१-५९७९३७७, ९८६०११३६२२) | सुचिकार | | २ | | १ | | | १ | ४ |
| | | केशकर्तक | | ३ | | | १ | १ | | ५ |
| | | सिकर्मी | | २ | | १ | | | | ३ |
| | | सयस | | २ | | | | १ | | ३ |
| | | नालबन्दी | | १ | | १ | | | | २ |
| २. | ओदिन, पाँचथर | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |

| सि.नं. | भर्ना छनौट केन्द्र | पद | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| | (श्री वीरदल गण) (०२४-५२२१२३, ९८५११५९१८८) | सफाईकर्मी | | ३ | | १ | १ | | | ५ |
| ३. | राजविराज, सप्तरी (श्री बरख गण) (०३१-५३०७३१, ०३१-५३००३१, ९७४४३६९१२५ ) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |
| | | चर्मकर्मी | | २ | | १ | | | | ३ |
| | | लोहकार | | २ | | १ | १ | | | ४ |
| | | केशकर्तक | | ३ | | १ | १ | | | ५ |
| ४. | भरतपुर, चितवन (श्री नयाँ सबुज गण) (०५६-४९३६७७, ९८६३०२९१८५) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |
| | | सफाईकर्मी | | ३ | | १ | १ | | | ५ |
| | | केशकर्तक | | ३ | | १ | १ | | | ५ |
| ५. | श्रीश्वाँरा, लमजुङ (श्री चण्डी प्रसाद गण) (०६६-५९०००९, ०६६-५९००६१, ९८६३०२९१६७) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |
| | | सुचिकार | | २ | | १ | १ | | | ४ |
| ६. | गोरुसिंङ्गे, कपिलवस्तु (श्री शम्शेर दल गण) (०७६-५४५०५१, ०७६-५४५०६२, ९७४८८४३९४८) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |
| | | सुचिकार | | २ | | १ | | | | ३ |
| | | सफाईकर्मी | | ३ | | १ | १ | | | ५ |
| | | केशकर्तक | | ३ | | १ | १ | | | ५ |
| ७. | परीमलाचौर, जुम्ला (श्री देवीदत्त गण) (०८७-५२०१९९, ९८८७५२०५३२) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |
| | | चर्मकर्मी | | २ | | १ | | | | ३ |
| | | लोहकार | | २ | | १ | १ | | | ४ |

| सि.नं. | भर्ना छनौट केन्द्र | पद | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/ जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| ८. | कपासे, सुर्खेत, (श्री काली बहादुर गण) (०८३-५२३०३०, ०८३-५२३०८७) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |
| | | सफाईकर्मी | | ४ | १ | १ | १ | | | ७ |
| | | चर्मकर्मी | | २ | | १ | | | | ३ |
| | | लोहकार | | २ | | १ | | | | ३ |
| ९. | खलङ्गा, दार्चुला (श्री श्रीदल गुल्म) (०९३-४२०२००) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | | १० |
| | | चर्मकर्मी | | १ | | १ | | | | २ |
| | | लोहकार | | २ | | १ | | | | ३ |

३. **दरखास्त फाराम पेस गर्ने मिति र स्थान :**

(क) **दरखास्त मिति** : मिति २०८३/०१/१८ गतेदेखि मिति २०८३/०२/१६ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८३/०२/१७ गतेदेखि मिति २०८३/०२/२३ गतेसम्म थप दिन ७ (सात) हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा उक्त मिति भन्दा पछाडिको कार्यालय खुल्ने दिनमा दरखास्त दस्तुर (राजस्व) बुझाई दरखास्त फाराम दर्ता गर्न सकिनेछ ।

(ग) **स्थान** : आफूलाई पायक पर्ने तोकिएको भर्ना छनौट केन्द्र ।

४. **दरखास्त दस्तुर** : सबै उम्मेदवारहरुले खुलातर्फ अनिवार्य रुपले फाराम भर्नु पर्नेछ र सो वापत सैन्य पदको लागि रु. १५०।- (एक सय पचास रुपैया मात्र) र विभिन्न ट्रेडका फलोअर्स पदको लागि रु. १००।- (एक सय रुपैया मात्र) बुझाउनु पर्नेछ । तर एउटै विज्ञापन नम्बरमा समावेशीतर्फको समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि थप २०% का दरले दस्तुर लाग्नेछ । उल्लिखित दस्तुर आफुले आवेदन दिने भर्ना छनौट केन्द्रको नाम (कार्यालयको नाम, कार्यालय कोड, बैंक खाता नम्बर र राजश्व शीर्षक नम्बर भरी) मा जम्मा गर्नुभई सोको सक्कलै बैक भौचर वा विद्युतिय (अनलाईन) माध्यमबाट रकम बुझाएको भौचर दरखास्त फाराम साथ उम्मेदवार स्वयम्ले पेस गर्नुपर्नेछ ।

(क) सैन्य भर्ना छनौट केन्द्रहरु:

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| १. | नारायणहिटी, काठमाडौं (श्री उपत्यका पृतना हे.क्वा.) | ३४५०१३५१० | श्री नेपाल बैङ्क लिमिटेड, भुगोलपार्क शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| २. | लगनखेल, ललितपुर (श्री राजदल गण) | ३४५०१३४०२ | श्री नेपाल बैङ्क लिमिटेड, पाटन शाखा, खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| ३. | धुलिखेल, काभ्रेपलाञ्चोक (श्री श्रीमेहर गण) | ३४५०१२६११ | श्री राष्ट्रिय बाणिज्य बैङ्क, धुलिखेल शाखा, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ४. | ईटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.) | ३४५०११४०६ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, ईनरुवा शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ५. | हिले, धनकुटा (श्री नं. २ वाहिनी अड्डा) | ३४५०१०६०२ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, हिले शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ६. | भुल्के, उदयपुर (श्री नं. १८ वाहिनी अड्डा) | ३४५०१११०४ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, गाईघाट शाखा, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ७. | तोपगाछी, झापा (श्री नं. २१ वाहिनी अड्डा) | ३४५०११२०१ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, भद्रपुर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ८. | ओखलढुङ्गा, (श्री दुर्गाबक्स गण) | ३४५०११००३ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, ओखलढुङ्गा शाखा, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ९. | ओदिन, पाँचथर (श्री वीरदल गण) | ३४५०१०२०४ | श्री नेपाल बैङ्क लिमिटेड, फिदिम, पाँचथर शाखा, खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| १०. | बर्दिबास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.) | ३४५०११८०८ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, जलेश्वर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ११. | चरिकोट, दोलखा (श्री गरुडदल गण) | ३४५०१२३०५ | श्री नेपाल बैङ्क लिमिटेड, चरिकोट शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| १२. | वीरगंज, पर्सा (श्री श्रीजंग गण) | ३४५०१२२०३ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, पर्सा शाखा, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १३. | राजविराज, सप्तरी (श्री बरख गण) | ३४५०११५०२ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, राजविराज शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| १४. | हेटौडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.) | ३४५०१३२११ | श्री नेपाल बैङ्क लिमिटेड, हेटौडा शाखा<br>खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| १५. | बैरेनी, धादिङ्ग (श्री नं. ६ वाहिनी अड्डा) | ३४५०१३००३ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, धादिङ्गवेशी शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १६. | भरतपुर, चितवन (श्री नयाँ सबुज गण) | ३४५०१३१०८ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, भरतपुर शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १७. | विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.) | ३४५०१३९०६ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, पृथ्वीचोक शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १८. | शेराडिल, बाग्लुङ (श्री नं. २३ वाहिनी अड्डा) | ३४५०१४५०३ | श्री नेपाल बैङ्क लिमिटेड, बाग्लुङ शाखा<br>खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| १९. | श्रीश्वाँरा, लमजुङ (श्री चण्डी प्रसाद गण) | ३४५०१३७०२ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, बेशिसहर शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २०. | योगीकुटी बुटवल, रुपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.) | ३४५०१४८१० | श्री कृषि विकास बैङ्क लिमिटेड, भैरहवा शाखा<br>खाता नम्बर ०१००२०१२७७००९०१६ | १४२२४ परीक्षा शुल्क |
| २१. | गोरुसिङ्गे, कपिलवस्तु (श्री शम्शेर दल गण) | ३४५०१४९०२ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, तौलिहवा शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २२. | भरतपुर, दाङ्ग (श्री ज्वालादल गण) | ३४५०१५६०६ | श्री नेपाल बैङ्क लिमिटेड, घोराही शाखा<br>खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| २३. | धागिथुम, गुल्मी (श्री रामबाण गुल्म) | ३४५०१५२०३ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, तम्घास शाखा,<br>खाता नम्बर  १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २४. | निमारे,  सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.) | ३४५०१६८०३ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, सुर्खेत शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २५. | नेपालगञ्ज, बांके (श्री नं. ४ वाहिनी अड्डा) | ३४५०१५७०१ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, नेपालगञ्ज शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २६. | परीमलाचौर, जुम्ला (श्री देवीदत्त गण) | ३४५०१६२०५ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, जुम्ला शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २७. | हुट्टु, मुगु (श्री हनुमानध्वज गुल्म) | ३४५०१६३०३ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, गमगढी शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| २८. | तेघरी, कैलाली (श्री सुदूर पश्चिम पृतना हे.क्वा.) | ३४५०१७७०९ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, अत्तरिया शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २९. | भगतपुर, कञ्चनपुर (श्री नं. २५ वाहिनी अड्डा) | ३४५०१७६०३ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, महेन्द्रनगर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ३०. | दिपायल डोटी (श्री नं. ५ वाहिनी अड्डा) | ३४५०१७१०७ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, दिपायल शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ३१. | खलङ्गा, दार्चुला (श्री श्रीदल गुल्म) | ३४५०१७३०६ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, खलङ्गा शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

(ख) विभिन्न ट्रेडका फलोअर्स भर्ना छनौट केन्द्रहरु

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| १. | नारायणहिटी, काठमाडौं (श्री उपत्यका पृतना हे.क्वा.) | ३४५०१३५१० | श्री नेपाल बैङ्क लिमिटेड, भुगोलपार्क शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| २. | ओदिन, पाँचथर (श्री वीरदल गण) | ३४५०१०२०४ | श्री नेपाल बैङ्क लिमिटेड, फिदिम, पाँचथर शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| ३. | राजविराज, सप्तरी (श्री बरख गण) | ३४५०११५०२ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, राजविराज शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ४. | भरतपुर, चितवन (श्री नयाँ सबुज गण) | ३४५०१३१०८ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, भरतपुर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ५. | श्रीश्वाँरा, लमजुङ (श्री चण्डी प्रसाद गण) | ३४५०१३७०२ | श्री राष्ट्रिय बाणिज्य बैङ्क, बेशिसहर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ६. | गोरुसिंङ्गे, कपिलवस्तु (श्री शम्शेर दल गण) | ३४५०१४९०२ | श्री राष्ट्रिय बाणिज्य बैङ्क, तौलिहवा शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ७. | परीमलाचौर, जुम्ला (श्री देवीदत्त गण) | ३४५०१६२०५ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, जुम्ला शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ८. | कपासे, सुर्खेत (श्री काली बहादुर गण) | ३४५०१६८१७ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, सुर्खेत शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| ९. | खलङ्गा, दार्चुला (श्री श्रीदल गुल्म) | ३४५०१७३०८ | श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, खलङ्गा, दार्चुला खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

५. **आवश्यक योग्यता :**

(क) **न्यूनतम शैक्षिक योग्यता :**

| सि.नं. | पद | शैक्षिक योग्यता |
|---|---|---|
| १. | सैन्य | कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौं) उत्तीर्ण हुनेहरुले पनि कक्षा ८ (आठ) उत्तीर्णको शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ । एस.एल.सी./एस.ई.ई. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नेहरुले कक्षा ८ (आठ) को प्रमाणपत्र बुझाउन (न) नपर्ने तर एस.एल.सी./एस.ई.ई. सहित सो भन्दा माथिको सबै शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि बुझाउनु पर्नेछ ।<br>**(क) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागू हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा**<br>(१) कक्षा ८ (आठ) उत्तीर्णको प्रमाणपत्रमा न्यूनतम GPA–2 अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(२) एस.एल.सी./एस.ई.ई. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नेहरुले पेस गरेको प्रमाणपत्रहरु मध्ये माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रमा न्यूनतम GPA-2/CGPA-1.6 अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>**(ख) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाणपत्रको हकमा**<br>(१) कक्षा ८ र एस.ई.ई.को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-2 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।<br>(२) कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।<br>**(ग)** बुँदा (क) र (ख) मा उल्लिखित ग्रेडिङ्ग व्यवस्था तोकिएको न्यूनतम शैक्षिक योग्यता वा सो भन्दा माथिल्लो शैक्षिक योग्यतामा मात्र लागु हुने । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | साधारण लेखपढ गर्न सक्ने । |

(ख) **शारीरिक योग्यता :**

| सि.नं. | पद | पुरुष | महिला |
|---|---|---|---|
| १. | सैन्य | (क) उचाईः न्यूनतम ५ फिट ३ ईन्च<br>(ख) छातीः नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च<br>(ग) वजनः न्यूनतम ५० के.जि.(११० पौण्ड) | (क) उचाईः न्यूनतम ५ फिट<br>(ख) वजनः न्यूनतम ४० के.जी. (८८ पौण्ड) |
| २. | विभिन्न ट्रेडका फलोअर्स | (क) उचाईः न्यूनतम ५ फिट २ ईन्च<br>(ख) छातीः नफुलाउंदा न्यूनतम ३० ईन्च र फुलाउंदा न्यूनतम ३२ ईन्च<br>(ग) वजनः न्यूनतम ५० के.जी.(११० पौण्ड) | (क) उचाईः न्यूनतम ४ फिट १० ईन्च<br>(ख) वजनः न्यूनतम ४० के.जी. (८८ पौण्ड) |
| ३. | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |

(ग) **अन्य योग्यता :** उल्लिखित पदका उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

६. **उमेरको हद** : उम्मेदवारहरुको उमेर दरखास्त पेस गर्ने अन्तिम **मिति २०८३/०२/१६** गतेसम्म निम्न अनुसार हुनु पर्नेछ ।

| सि.नं. | पद | पुरुष/महिला |
|---|---|---|
| १. | सैन्य | १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको (**जन्म मिति २०६१/०२/१६ गतेदेखि मिति २०६५/०२/१६ गतेसम्म**) र नेपाली सेनाको बहालवाला उम्मेदवारहरुको हकमा २६ वर्ष ननाघेको (**मिति २०५७/०२/१६ गते र सो पछि जन्म मिति भएको**) हुनु पर्नेछ । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | १८ वर्ष पुरा भई २६ वर्ष (**जन्म मिति २०५७/०२/१६ गतेदेखि मिति २०६५/०२/१६ गतेसम्म**) ननाघेको हुनु पर्नेछ । |

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि :**

(क) दरखास्त पेस गर्ने अन्तिम मिति २०८३/०२/१६ गतेका दिन न्यूनतम सेवा अवधि १ (एक) वर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेस गर्नुपर्नेछ ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरु** : देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवार स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेस गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुनेछैन । दरखास्त साथ पेस गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) सबै शैक्षिक योग्यताहरुको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(ग) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयहरुबाट उपाधी हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द्र/त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

(घ) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाणपत्रहरु भएमा ।

(ङ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछ** ।

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) बहालवाला सैनिकको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसँगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ** : उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।

(क) पासपोर्ट साईजको फोटो प्रति-४ (चार) ।

(ख) २X२ साईजको फोटो प्रति-१ (एक) ।

१०. **सम्पर्क मिति र स्थान** : मिति २०८३/०३/१० गतेको ११०० बजे दरखास्त पेस गरेको सम्बन्धित भर्ना छनौट केन्द्रमा ।

११. **छनौट प्रक्रिया** : सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदको देहाय बमोजिमका छनौट प्रक्रिया सञ्चालन हुनेछ ।

(क) **वियरिङ्ग परीक्षा**: यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (पुरुष उम्मेदवारको मात्र) र शारीरिक बनावट परीक्षण गरिनेछ । शारीरिक बनावट परीक्षणमा हेरिने बुँदाहरु निम्नानुसार रहेको:

(१) **बुँदा नं.१: शरीरको अङ्गहरू सामान्य भएको**

(अ) सामान्य मानिसमा हुनुपर्ने अङ्गहरू नभएको तथा थप अङ्गहरू भएको हुन नहुने ।

(आ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(इ) खुँडे हुन नहुने ।

(ई) ढाड कुप्रो हुन नहुने ।

(उ) शरीर पूरा झुकाउन सक्ने हुनुपर्ने ।

(ऊ) जिउ कोल्टे परेको हुन नहुने ।

(२) **बुँदा नं. २: शरीरमा अस्वभाविक दागहरू नभएको**

(अ) रोग वा चोटपटकको कारण अनुहारमा अस्वाभाविक छ्याका भएको हुन नहुने ।

(आ) अनुहार र टाउकोमा अस्वभाविक ग्रहणको टाटो (Birth Mark), खत र दाग भएर रूप नै बिग्रिएको हुन नहुने तर सामान्य ग्रहणको टाटो (Birth Mark), खत र दाग भएकोलाई लिन सकिने । रोग, शल्यक्रिया र चोटपटकबाट भएको ठुलो खतको हकमा डाक्टर अधिकृतबाट यकिन गरी कार्य क्षमतामा असर नपर्ने भएमा लिन सकिने ।

(इ) आफैले जानाजानी बनाएको खत (अक्षर, नाम वा दाग) भएको हुन नहुने ।

(ई) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने तर मेटाएको अवस्थामा मात्र ट्याटुको दाग स्वाभाविक भएमा लिन सकिने ।

(३) **बुँदा नं.३: हात खुट्टा बाङ्गो टिङ्गो नभएको, औंलाहरू ठीक भएको र धेरै चेप्टो पैताला (Flat Foot) नभएको**

(अ) हात खुट्टा बाङ्गो टिङ्गो भएको हुन नहुने (हत्केला आकाशतिर फर्काई सिधा गर्दा कुहिनानिरको हातको कोण पुरुषको हकमा ५-१० डिग्री र महिलाको हकमा ५-१५ डिग्री भन्दा बढी हुन नहुने) ।

(आ) हात खुट्टाको औंलाहरू जोडिएको तथा खप्टिएको हुन नहुने ।

(इ) हात खुट्टाको औंलाहरू अस्वाभाविक रूपमा फाटिएर नजोडिने हुन नहुने ।

(ई) Flat Foot: धेरै चेप्टो पैताला हुन नहुने ।

(४) **बुँदा नं.४: घुंडाको अवस्था**

(अ) Knock Knee: सतर्क पोजिशनमा उभिदा घुंडा नजोडिने हुनुपर्ने ।

(आ) Bow Leg: दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मि. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **बुँदा नं.५: शरीरमा मुसा नभएको**

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

नोटः वियरिङ्ग चेकजांचको समयमा कैफियतमा मुसा भएको भनि जनाउने र निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांच सम्मको अवधिमा उपचार गराई आएमा मुसाको प्रकृति हेरी फिट हुन सक्ने भनि जानकारी गराउने ।

(६) **बुँदा नं.६: दाँत नझरेको**

(अ) दाँत झरेको भएमा Fixed दाँत लगाएको हुनुपर्ने तर बुद्धि बङ्गारा झरेको भएमा लिन सकिने ।

(आ) दाँत RCT गरेको भएमा Cap लगाएको हुनुपर्ने ।

(इ) अगाडिको दाँत बाहिर निस्कन गई दुवै ओठ जोड्दा बाहिर देखिन नहुने ।

(ई) दाँत किराले खाएको भए दाँत भरेको हुनुपर्ने ।

(उ) अगाडिको दाँतहरू २ मि.मि. भन्दा बढी फाटिएको हुन नहुने ।

(७) **बुँदा नं. ७: दुवी भएको**

(अ) सर्ने किसिमको दुवी (Vitiligo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवी हुन नहुने ।

नोटः P. Versicolor नसर्ने किसिमको दुवी भएमा कैफियत महलमा नसर्ने दुवी लेखि (निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजाँचसम्मको अवधिमा उपचार गराई आएमा अवस्था हेरी फिट हुन सक्ने भनि जानकारी गराउने) र यस्तो प्रकारको दुवीलाई लिन सकिने ।

(८) **बुँदा नं.८: कपाल नझरेको/कपाल नफुलेको**

(अ) कुनै किसिमको रोगको कारण धेरै कपाल झरेको हुन नहुने ।

(आ) धेरै मात्रामा कपाल फुलेको हुन नहुने ।

(९) **बुँदा नं. ९: आँखा डेढो नभएको र आँखा चिम्लन सक्ने**

(अ) डेढो आँखा भएको हुन नहुने ।

(आ) दुवै आँखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दायाँ हात चलाउनेको हकमा वायाँ आँखा र वायाँ हात चलाउनेको हकमा दायाँ आँखा चिम्लन सक्ने हुनुपर्ने ।

(१०) <u>बुंदा नं. १०: प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने</u>

(अ) भकभकाउने, लठ्यौरो तथा तोते बोली नभएको र प्रष्ट बोली भएको हुनुपर्ने ।

नोटः उम्मेदवारहरुको शारीरिक बनावटको कारण सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(ख) **प्रारम्भिक स्वास्थ्य परीक्षण**: मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आँखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षा**: सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको शारीरिक परीक्षाको मापदण्ड देहाय अनुसार रहेको छ ।

(१) <u>सैन्य पद</u>

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै. |
|---|---|---|---|---|---|
| पुरुष | सिटअप | १७-२१ पटक | २२-२६ पटक | २७ पटक वा सो भन्दा बढी | |
| | पुसअप | १७-२१ पटक | २२-२६ पटक | २७ पटक वा सो भन्दा बढी | |
| | चिनअप | ७-९ पटक | १०-१२ पटक | १३ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ४८-५२ सेकेण्ड | ४३-४७ सेकेण्ड | ४२ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १२ मिनेट ३१ सेकेण्ड देखि १३ मिनेट ३० सेकेण्ड | ११ मिनेट ३१ सेकेण्ड देखि १२ मिनेट ३० सेकेण्ड | ११ मिनेट ३० सेकेण्ड भित्र | |
| महिला | सिटअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | पुसअप | १०-१३ पटक | १४-१७ पटक | १८ पटक वा सो भन्दा बढी | |
| | चिनअप | ५-७ पटक | ८-१० पटक | ११ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ५१-५५ सेकेण्ड | ४६-५० सेकेण्ड | ४५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १४ मिनेट १ सेकेण्ड देखि १५ मिनेटसम्म | १३ मिनेट १ सेकेण्ड देखि १४ मिनेटसम्म | १३ मिनेट भित्र | |

(२) विभिन्न ट्रेडका फलोअर्स पद

(कक) ब.का.सि.

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै. |
|---|---|---|---|---|---|
| पुरुष | ४० के.जि. को प्याक बोकी ३०० मिटर दौड | ९१-१०० सेकेण्ड | ८१-९० सेकेण्ड | ८० सेकेण्ड | |
| | सिटअप | १०-१३ पटक | १४-१७ पटक | १८ पटक वा सो भन्दा बढी | |
| | पुसअप | १०-१३ पटक | १४-१७ पटक | १८ पटक वा सो भन्दा बढी | |
| | चिनअप | ३-५ पटक | ६-८ पटक | ९ पटक वा सो भन्दा बढी | |
| | २ माईल दौड | १४ मिनेट ३१ सेकेण्ड देखि १६ मिनेट | १३ मिनेट १ सेकेण्ड देखि १४ मिनेट ३० सेकेण्ड | १३ मिनेट भित्र | |
| महिला | २० के.जि. को प्याक बोकी ३०० मिटर दौड | ९१-१०० सेकेण्ड | ८१-९० सेकेण्ड | ८० सेकेण्ड | |
| | सिटअप | ५-८ पटक | ९-१२ पटक | १३ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ५-८ पटक | ९-१२ पटक | १३ पटक वा सो भन्दा बढी | |
| | चिनअप | २ पटक | ३ पटक | ४ पटक | |
| | २ माईल दौड | १६ मिनेट १ सेकेण्ड देखि १८ मिनेट | १४ मिनेट १ सेकेण्ड देखि १६ मिनेट | १४ मिनेट भित्र | |

(कख) सुचिकार, सफाईकर्मी, चर्मकर्मी, लोहकार, केशकर्तक, सिकर्मी, सयस र नालबन्दी

| क.सं. | पद | पुरुष | महिला |
|---|---|---|---|
| १. | सुचिकार | (क) सिटअप १० पटक ।<br>(ख) पुसअप १० पटक ।<br>(ग) चिनअप ३ पटक ।<br>(घ) ३०० मिटर दौड ६० सेकेण्डमा पुरा गर्नुपर्नेछ । | (क) सिटअप ८ पटक ।<br>(ख) पुसअप ५ पटक ।<br>(ग) चिनअप २ पटक ।<br>(घ) ३०० मिटर दौड ७० सेकेण्डमा पुरा गर्नुपर्नेछ । |
| २. | सफाईकर्मी | | |
| ३. | चर्मकर्मी | | |
| ४. | लोहकार | | |

| | | | |
|---|---|---|---|
| ५. | केशकर्तक | (ङ) २ माईल दौड १६ मिनेटमा पुरा गर्नुपर्नेछ । | (ङ) १ माईल दौड १० मिनेटमा पुरा गर्नुपर्नेछ । |
| ६. | सिकर्मी | | |
| ७. | सयस | | |
| ८. | नालबन्दी | | |

(घ) **लिखित परीक्षा:** (सैन्य पदको लागि मात्र)

(१) **सैन्य:** लिखित परीक्षा देहाय बमोजिम श्री लोक सेवा आयोगले सञ्चालन गर्नेछ । साथै, बस्तुगत बहुउत्तर प्रश्नको गलत उत्तरको २० प्रतिशत अङ्क कट्टा हुनेछ । लिखित परीक्षाको पाठ्यक्रम वेबसाईटमा हेर्न सकिनेछ ।

| सि.नं. | पद | विषय तथा समय | | कैफियत |
|---|---|---|---|---|
| | | विविध (अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान) | | |
| | | पूर्णाङ्क | समय | |
| १. | सैन्य | १०० | २ घण्टा ३० मिनेट | |

(ङ) **प्रयोगात्मक परीक्षा (विभिन्न ट्रेडका फलोअर्स पदको लागि मात्र):** सम्बन्धित ट्रेड (ब.का.सि. बाहेक) अनुसार प्रयोगात्मक परीक्षा हुनेछ ।

(च) **स्वास्थ्य परीक्षण:** मान्यता प्राप्त चिकित्सकहरुबाट स्वास्थ्य परीक्षण गरिनेछ । साथै, उम्मेदवारहरुको स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(छ) **अन्तर्वार्ता:** पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तर्वार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु :** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

१३. **अन्य शर्तहरु :**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत कर्मचारीले दरखास्त फाराममा आफु कार्यरत रहेको व्यहोरा अनिवार्य रुपमा उल्लेख गरी विभागीय स्वीकृति पत्र समेत दरखास्त पेस गर्दा नै बुझाउनु पर्नेछ र त्यसो नगरेमा आवेदन लगायत सम्पूर्ण परीक्षा रद्ध गरिनेछ ।

(ख) समावेशी तर्फका पुरुष उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेसी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागु हुनेछैन । साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(ग) महिलाको हकमा **Direct Combat Duties/Close Combat Role** (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका **Combat Related Duties/Combat Support/Combat Service Support** (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(घ) उम्मेदवारहरु (बहालवाला सैनिक व्यक्ति बाहेक) अविवाहित हुनुपर्नेछ र सैन्य पदको हकमा तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) आवेदकले एउटै विज्ञापन नम्बर र समान पदमा एउटा भर्ना छनौट केन्द्रमा मात्र आवेदन दिन पाइनेछ ।

(च) अन्य शर्तहरु नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **नेपाली सेना भर्ना सम्बन्धी जानकारी तथा सूचना, भर्ना छनौट निर्देशनालय** भित्र **VACANCY & REQUIREMENTS** मा वा आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा गई हेर्न सकिनेछ ।

१४. **अनलाईन फाराम भर्ने सम्बन्धी जानकारी**:

(क) मोबाईल/कम्प्युटरबाट नेपाली सेनाको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा गई **VACANCY&REQUIREMENTS** मा गई सैन्य पदको विज्ञापन अन्तरगत रहेको **"APPLY"** मा **Click** गर्ने ।

(ख) आवेदकले अनलाईन फाराममा रहेको आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक योग्यताको विवरण, भर्ना केन्द्रको विवरण र नागरिकताको विवरण भरेपश्चात आउने अनलाईन पेमेन्ट गेटवेको माध्यमबाट अनलाईन भुक्तानी गरी प्राप्त हुने भौचर र व्यक्तिगत विवरण फाराम सेभ गरी प्रिन्ट गर्ने ।

(ग) उक्त प्रिन्ट गरेको भौचर तथा व्यक्तिगत विवरण फाराम, अन्य आवश्यक कागजात र फोटो सहित आफूले छनौट गरेको भर्ना छनौट केन्द्रमा तोकिएको मिति भित्र उपस्थित हुनुपर्नेछ ।

(घ) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो **अनलाईनबाट मात्र Submit गरेको फारामलाई मान्यता दिईने छैन** ।

(ङ) अनलाईन फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै, **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको अवस्थामा सम्बन्धित भर्ना छनौट केन्द्रको सम्पर्क नम्बर वा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१५. **विशेष सूचना**: सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट

वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** भित्र र पद अनुसारको पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने भर्ना छनौट केन्द्र वा श्री भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९४७८ मा कार्यालय समयभित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

द्रष्टव्य :

(१) **"सैनिक सेवा नियमावली, २०६९ (संशोधन सहित)"** र **"भर्ना छनौट निर्देशिका,२०७१"** को आधारमा पदपूर्ति गरिनेछ ।

(२) यो विज्ञापन तथा छनौट परीक्षा सम्बन्धी सम्पूर्ण सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल https://vacancy.nepalarmy.mil.np मा हेर्न सकिनेछ ।

(३) थप केहि जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने भर्ना छनौट केन्द्रहरु तथा नेपाली सेनाको नजिकको व्यारेकमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

(रोज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक